# भूमि तथा कृषि अधिकार अभियान
## मासिक अपडेट
## अगष्ट, २०१७

CSRC आत्मनिर्भर केन्द्र

राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल

**सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, जिल्ला भूमि अधिकार मञ्च र राष्ट्रिय भूमि अधिकार मञ्चले अगष्ट महिनामा गरेको गतिविधीको संक्षिप्त प्रतिवेदन तयार गरिएको छ।**

### मुख्य अभियान, क्रियाकलाप र उपलब्धीहरु

### संयुक्त लालपुर्जा

महोत्तरीमा ३, दाङ्ग १२ र बाँकेमा ४ गरी जम्मा **१९** जोडीले संयुक्तपुर्जा बनाएका छन् । संयुक्तपुर्जा बनाईएको जग्गाको क्षेत्रफल **२.१५** हेक्टर छ।

*"मधेसी समुदायमा महिलाको नाममा सम्पत्ति दियो भने श्रीमती अर्कैसंग जान्छन् भन्ने मान्यता छ र हाम्रा वाउको सम्पत्ति किन श्रीमतीलाई दिने श्रीमतीले आफ्नै वाउको सम्पत्ती ल्याउनु पर्छ भन्ने सोचाई मेरो पनि थियो । जव म भूमि अधिकार मञ्चको कार्यक्रममा पटक पटक सहभागी भएँ त्यसपछि मैले बुझें श्रीमती भनेको मेरो आधा अंग रहेछ । त्यसैले मैले १ विगाहा १९ कट्ठा ४ धुर जग्गाको संयुक्त पूर्जा वनाएँ।"*

*- दखा राय, खयरमारा १, महोत्तरी*



### मोही जग्गा बाँडफाँड अभियान

रौतहट ३ हजार, सर्लाही ७ सय ८८, सिराहा ६ सय४५, महोत्तरी २सय४२, सिन्धुपाल्चोक १सय५१, पाल्पा २, सुर्खेत १४, बर्दिया १५, उदयपुर ६, दाङ २६, गरी **जम्मा ६ हजार २सय ६३** मोही किसानले मोही जग्गा बाँडफाँडका लागि मालपोत कार्यालयमा निवेदन दर्ता गरेका छन् । त्यसैगरी रौतहट १ हजार ५ सय, सर्लाही ७ सय ५१, महोत्तरी १सय३७, सिन्धुपाल्चोक ७५, सिराहा ४५, उदयपुर १४, सुर्खेत १६, दाङ ६ गरी **जम्मा २ हजार ५ सय ४४** वटा नामसारी निवेदन पेश भएका छन् ।

### गाउँ मञ्च निर्माण

उदयपुरको चौदण्डिगढी नगरपालिकाको वडा नम्बर २,६ र ८ मा ३ वटा वडा भूमि अधिकार मञ्च र रौतहटको गुजरा गा.पा. वाड न.५ सोनरवाडिहमा १ गरी ४ वटा गाउँ भूमि अधिकार मञ्च गठन भएको छ । ७ वटा मञ्चमा ५१ जना संगठीत भएका छन् । सिराहाको सन्तोषी गाउँ भूमि अधिकार मञ्चमा २८ (महिला २२ पुरुष ६, २८ मधेशी दलित) लाई सदस्यता वितरण गरिएको छ ।

### मस्यौदा भूमि नीतिमा सुझाव पेश

भूमि सुधार तथा व्यवस्था मन्त्रालयले तयार पारेको मस्यौदा भूमि नीतिमा भूमि अधिकारबाट बञ्चित, किसान, सरोकारवाला र स्थानीयतहका जनप्रतिनिधीहरुको सुझाव लिने उद्देश्यले समुदाय र प्रदेश तहमा परामर्श गरिएको छ ।  ६ समुदाय र ७ प्रदेशमा गरिएको परामर्शमा ५२९ जनाले भाग लिएका थिए । परामर्शबाट आएका सुझावहरुलाई समेटी प्रतिवेदन तयार पारेर अगष्ट २५ तारेख भूमि नीति तर्जुमा निर्देशक समितिका संयोजक श्री कृष्णप्रसाद देवकोटालाई लाई बुझाईएको छ ।

### भूमि सुधार तथा व्यबस्था मन्त्रीसंग अन्तर्क्रिया

जिल्ला भूमिअधिकार मञ्च दाङ र मुक्त कमैया संघर्ष समितिको आयोजनामा गढवा गाउँपालिका वडा नं.५ भवानी मुक्त कमैया शिविरमा भूमिसुधार तथा व्यवस्था मन्त्री डा. गोपाल दहितसँग अन्तर्क्रिया भएको छ । मुक्त कमैया संघर्ष समितिको अध्यक्ष माघिराम चौधरीको अध्यक्षतामा भएको कार्यक्रममा विशिष्ट अतिथि मा. योगेन्द्र चौधरीले भूमिअधिकारवाट वञ्चितहरु अझ बढि सचेत, संगठीत र तथ्यपुर्ण वकालत गर्न सक्षम हुनुपर्ने धारणा राख्नुभयो । मन्त्री डा. गोपाल दहितले कमैया, गुठी पीडित र सुकुम्वासीहरुको समस्या वुझ्न बस्तीमा नै आएको र विद्यमान कानुनले दिएसम्म काम गर्ने बताउनु भयो । स्वर्गद्वारी गुठीको जग्गाको किसानलाई जग्गाको पूर्जा वितरण गर्ने, मोही सम्वन्धी समस्या समाधान गर्न उच्चस्तरीय आयोग गठन गर्ने र त्यस आयोगमा पीडित मोही किसानको पनि प्रतिनिधित्व गराउने, जिल्लामा छिट्टै व्यवस्थित वसोवास आयोग गठन गर्ने मोही वाँडफाँट निवेदन पेश गर्ने म्याद थप गर्ने योजना रहेको सुनाउनुभयो । यस अवशरमा जिल्ला भूमिअधिकार मञ्च, स्वान संस्था, कमलरी विकास मञ्च, गुठी संघर्षसमिति, मुक्त कमैया समाज र मुक्त कमैया महिला जागरण मञ्चद्वारा मन्त्रीलाई ध्यानाकर्षण पत्र वुझाएका थिए ।





भूमिसुधार मन्त्री डा. गोपाल दहितलाई मागपत्र पेश गर्दै राष्ट्रिय भूमिअधिकारमञ्चका केन्द्रिय सदस्य मेघबहादुर बि.सि. र सभा

*('मैले आत्मनिर्भर केन्द्रको सहयोगमा १५ वटा स्थानीयकुखुरा पालन सुरु गरेकी छु ।१२ हजार संस्थाको सहयोग र बाँकी आफ्नो लगानीमा खोर बनाएको हो । तालिममा आएर हामी सधैं अरुको कामदार बनेर अरुलाई मात्र पैसा कमाइदिएर आफूले नाफा लिन त के, जीविका चलाउन पनि गाह्रो भएको रहेछ भन्ने थाहा पाएँ । सफल व्यवसायीहरूको भिडियोहरूपनि हेरेँ । हिसाब राख्ने तरिका सिकेँ । अब म ऋण खोजेर भएपनि अझै कुखुरा थप्छु, राम्ररी हेरविचार गर्छु, अर्काको मजदुरी भन्दा सानो, सानो गर्दै भएनी व्यावसाय नै गर्छु भन्ने मनमा अठोट आएको ।' **विष्णुमाया विश्वकर्मा, कालिका गाउँपालिका- ५ ज्याङलाङ, तालिम सहभागी)***



## सरोकारवालासँग सम्वाद

रसुवा जिल्लामा रहेको पुनर्निर्माण र भूमि मुद्दाको विषयमा छिट्टो समाधान खोज्नको लागि रसुवा जिल्लाबाट सरोकारवाला निकायको सहभागितामा राष्ट्रिय पुनर्निर्माण प्राधिकरण र भूमि सुधार तथा व्यवस्था मन्त्रालयमा पुगी भूमि तथा पुनर्निर्माणमा देखिएको समस्याहरू समाधानको लागि छलफल गरियो । छलफलको क्रममा पुनर्निर्माण प्राधिकरणका कार्यकारी अधिकृत प्रा.डा. गोविन्दराज पोखरेलले रसुवा जिल्लाबाट आएको मागहरू जायज भएको र उठाइएका सवालहरूलाई समाधान गर्नको लागि यथासक्य प्रयास गरिने बताउनुभयो । भूमि सुधार तथा व्यवस्था मन्त्री डा. गोपाल दहितले आफू पनि अभियानको पृष्ठभूमिबाट आएकाले भूमिसम्बन्धि धेरै मुद्दाहरूबारे जानकार रहेकाले आफ्नो कार्यकालमा धेरै विषय समाधान गरिने बताउनुभयो । उहाँले भन्नुभयो, हाल हामीले मन्त्रालयमार्फत तीन वटा ऐन निर्माण गरी पारित गर्नको लागि मन्त्री परिषद्मा लाने तयारी गरेका छौं, यो मन्त्री परिषद्बाट पारित भयो भने भूमिसम्बन्धि रहेको अधिकाशं समस्याहरू समाधान हुने छ ।

डेलिगेसन छलफलमा रसुवा जिल्लाबाट माननीय सांसद् जर्नादन ढकाल, नवनिर्वाचित जिल्ला समन्वय समितिको प्रमुख कुलप्रसाद भट्ट, उत्तरगया गाउँपालिका अध्यक्ष उपेन्द्र लम्साल, कालिका गाउँपालिकाकी अध्यक्ष सिता कुमारी पौडेल अधिकारी, उपाध्यक्ष भवानीप्रसाद न्यौपाने, वडा अध्यक्ष अध्यक्षहरू, जिल्लाका राजनीतिक दलका प्रतिनिधिहरू, जिल्ला भूमि अधिकार मञ्चका प्रतिनिधि र सामुदायिक आत्मनिर्भर केन्द्रका प्रतिनिधि, पत्रकार महासंघका प्रतिनिधि र विस्थापित परिवारका अगुवाहरू सहभागी भएका थियौं ।




रसुवा जिल्लाको भूमि समस्या समाधान तथा विस्थापित समुदायको पुर्नबासका लागी भूमिसुधार मन्त्रालय तथा पुनर्निर्माण प्राधिकरणमा गरिएको डेलिगेसन पश्चात माननिय सांसद, जिल्ला सभापति, गाउँपालिका प्रमुख, उपप्रमुखसहित

## समावेशी पुनर्निर्माण अभियान सहजीकरण तालिम

"सुरक्षित जमिन, बलियो घर, एकीकृत बस्ती समृद्ध शहर" भन्ने मूल सन्देशका साथ ८ देखि १२ अगष्ट २०१७ मा धुलीखेल तालिमकेन्द्रमा **"समावेशी पुनर्निर्माण अभियान सहजीकरण तालिम"** सम्पन्न भयो । जसमा सिन्धुपाल्चोक, रसुवा, नुवाकोट, काभ्रे, गोरखा, दोलखा, सिन्धुली, मकवानपुर, ओखलढुंगा, रामेछाप र ललितपुरबाट २३ जना अगुवाको सहभागिता थियो ।

५ दिनसम्म सञ्चालन भएको तालिममा पुनर्निर्माण र सामाजिक परिचालनको अवस्था नक्सांकन गरि त्यसको सवाल, अवसर पहिचान गरिएको थियो । तालिममा आमन्त्रण गरिएका अतिथि सहजकर्ता राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका कार्यकारी सदस्य डा. बिष्णु भण्डारीले घर निर्माणपछि समस्या समाधान नभई समस्या शुरुवात हुने भएकाले भूकम्प प्रभावितको जिविकोपार्जन समेत बिचार गरि भूमि उपलब्ध गराउनु पर्ने धारणा राख्नु भएको थियो।

स्थानीय तहको शासन व्यवस्था सम्बन्धी बिज्ञ कृष्ण प्रसाद सापकोटाले संबिधानमा उल्लेखित २२ ओटा सुची कार्यान्वयन गर्न स्थानीय तहले कसको आदेश पर्खिनु नपर्ने र नीति बनाउने, कार्यान्वयन गर्ने तथा त्यो ठिक भएनभएको हेर्ने न्यायिक अधिकार समेत स्थानीय तहलाई भएकोले गाउँ/नगरपालिकाले पुनर्निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने बताए ।

धुलीखेल नगरपालिका प्रमुख अशोक कुमार ब्यञ्जोले हरेक वर्ष २० जना सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने योजना नगरपालीकाको रहेको बताए ।

स्थानीय तहको नेतृत्वमा समावेशी पुनर्निर्माण अभियान सञ्चालनका लागि सहयोग र दवाव सिर्जना गर्न गाउँ/नगरपालिका तहमा समावेशी पुनर्निर्माण अभियानबारे अभिमुखीकरण कार्यक्रम गर्ने योजना बनेको छ ।



समावेशी पुनर्निर्माण अभियान सहजीकरण तालिमका सहभागीहरु

## भूमि अधिकार अभियान सहजीकरण तालिम

मोरङ्गको लेटाङ्गमा भूमि अधिकार अभियान सहजीकरण तालिम भएको छ । अगष्ट २२ देखि २४ सम्म सञ्चालित उक्त तालिममा लुथरन सामुदायिक कल्याण समाजका कर्मचारी, सन्थाल र मुसहर समुदायका अगुवा नेपाल ऋषिबंशी कल्याण संघ र नेपाल सन्थाल आदिबाशी संघका प्रतिनिधि १० महिला सहित २६ जनाको सहभागिता थियो ।

तालिमले मोही बाँडफाड नभएको, सार्वजनिक क्षेत्रमा बसोबास, डुवान कटान, ऐलानी जग्गामा बसोबास भएको र अरुको बास बसिरहेका मुख्य सवालहरु पहिचान र विश्लेषण गरि त्यसको अभियान कार्ययोजना समेत तयार गरेका थिए ।




मोरङको लेटाङमा सम्पन्न भूमिअधिकार अभियान सहजीकरण तालिमका सहभागी

## प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिम परिषदमा उत्तीर्ण

किउल, ईचोक, महाँकाल र तालामाराङबाट बेमौसमी तरकारी उत्पादक समुह अर्न्तगत ५० दिने प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिम लिएका ब्यक्तिहरुको प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिम परिषद्बाट सिप परिक्षण गर्दा २५ जना सहभागी मध्ये २४ जना उतीर्ण भएका छन् । उतिर्ण सहभागीहरुले परिषद्बाट सिप परिचय र प्रमाण-पत्र प्राप्त गरेका छन् ।

## बाढिपीडितलाई सहयोग

तराईमा बाढीको कारण डुवान भई विस्थापित बनेका गाउँ भूमि अधिकार मञ्चका सदस्यहरुलाई तत्काल सकेको सहयोग उपलब्ध गराईयो । राहात सहयोग स्वयं जिल्लाको गाउँ भूमि अधिकार मञ्चका सदस्यहरुको तर्फबाट मानो मुठ्ठी संकलन गरी १५ क्विन्टल खाद्यान्न जुटाईएको थियो । भने वर्ल्ड जिविस रिलिफबाट ४ लाख र आत्मनिर्भर केन्द्रका कर्मचारीहरुबाट १४९,८२५ सहयोग संकलन गरेका थिए ।

## केश स्टडी

### घटना अध्ययन- १

### मेहनती बन्दै छन्, प्रेमनाथ



आत्मनिर्भर केन्द्र रसुवाको सहयोगमा गोलभेंडा खेती व्यावसायमा सङ्लग्न भएका कालिका गाउँपालिका वडा नं ३ बेतिनीका ६० वर्षिया प्रेमनाथ अगस्ती गोलभेंडा खेतीबाट फाईदा लिन मेहनतपूर्वक खटिरहेका छन् ।

उनले दुई वटा टनेल निर्माण गरी अघिल्लो वर्षदेखि नै गोलभेंडा खेती सुरु गरेका हुन् । अघिल्लो वर्ष उनले ३१२ केजी गोलभेंडा उत्पादन गरी सरदर ४५ रुपियाँ केजीमा बिक्री गरी १४ हजार ५ सय रुपियाँ आम्दानि लिएका थिए भने यस वर्ष पनि उनले नियमित गोलभेंडा खेती गरी हालसम्म छ सय केजी बिक्री गरेका छन् । उनी भन्छन्, अघिल्लो वर्षदेखि यस वर्षसम्म मैले ४० हजार रुपियाँ बराबरको आम्दानी लिइसकेँ । आम्दानी रकम १५,००० गाउँकै सहकारीमा बचत पनि गरिसकेको छु । यो खेतीले मेरो घर खर्च टार्न पनि ठूलो मद्दत पुगेको छ ।

उनी बिर्ता पीडित किसान हुन् । उनको आफ्नो जोतभोग गर्दै आएको सबै जग्गा जमिन र घरसमेत बिर्ता जमिनमा पर्छ । उनी त्यही बिर्ता जग्गाको स्वामित्व लिनको लागि भूमि अधिकार मञ्चको अभियानमा पनि सङ्गठित छन् ।





रसुवा कालिका गाउँपालिका ५ ज्याङलाङकी गोलभेडा व्यवसायी सिता पौडेल आफ्नो खेतीमा फलेको गोलभेंडा सङ्कलन गरी बिक्रीको लागि बजार लैजाने तयारी गर्दै ।





मस्यौदा भूमि नीतिमा सुझाव संकलन दाङ बायाँ र सिराहा लाहान नपा २४, खबडिया, ज्याला र उठिवास र विरुद्धको खबरदारी